## गोरखा जिल्लाको

# मनसुन आपतकालिन कार्ययोजना २०७७

## (Monsoon Preparedness Plan-2077)

जिल्ला विपद् व्यवस्थापन समिति, गोरखा

## विषय सूची


परिच्छेद १: परिचय ...................................................... ३

१.१ जिल्लाको पृष्ठभूमी ...................................................... ३

परिच्छेद २: कार्ययोजनाको उद्देश्य र आवश्यकता ...................................................... ४

२.१ कार्ययोजनाको उद्देश्य ...................................................... ४

२.२ कार्ययोजनाको अपेक्षित नतिजा ...................................................... ४

परिच्छेद ३: मनसुन आपतकालिन कार्ययोजना ...................................................... ६

मनसुनको समयमा हुनसक्ने विभिन्न विपद् जोखिमहरु र क्षेत्रगत अवस्था ...................................................... ८

जिल्ला विपद् व्यवस्थापन समिति, गोरखाको कोभिड-१९ (कोरोना भाईरस) सम्बन्धी आकस्मिक योजना .... १३

मनसुन विपद् जोखिम तथा कोभिड-१९ को रोकथाम तथा उपचारमा देखिएका समस्या तथा चुनौतिहरु .... २०

चुनौतिहरुलाई ध्यान दिँदै समस्या समाधान गर्न अपनाउनु पर्ने उपायहरु ...................................................... २०

मनसुन विपद् जोखिम तथा कोभिड-१९ रोकथाम सम्बन्धमा आगामी दिनमा जोड दिनुपर्ने कुराहरु ......... २१

गोरखा जिल्लामा मनसुन समयमा हुनसक्ने विपद जोखिम न्यूनीकरण र कोभिड-१९ प्रतिकार्य कार्ययोजना .. २२



प्रकाशन मिति : २०७७

प्रकाशक : जिल्ला विपद् व्यवस्थापन समिति

फोन :०६४४२०१३३



सर्वाधिकार : जिल्ला प्रशासन कार्यालय, गोरखा



प्राविधिक सहयोग

केएर नेपाल

# परिच्छेद १ : परिचय

१.१ जिल्लाको पृष्ठभुमि

गोरखा जिल्लाको कुल क्षेत्रफल ३६१० वर्ग किलोमिटर रहेको छ ।अक्षांश २७ डिग्री १५ मिनेट देखि २८ डिग्री १५ मिनेट सम्म र देशान्तर ८४ डिग्री २७ मिनेट देखि ८४ डिग्री ५८ मिनेट सम्म फैलिएको छ। साथै यस जिल्लाको उचाई समुद्री सतहबाट २२८ मिटर देखि ८१६३ मिटरसम्म रहेको छ।




**सीमानाः**

यस गोरखा जिल्लाको सीमाना पूर्वमा धादिङ जिल्ला, पश्चिममा तनहुँ, लमजुङ र मनाङ उत्तरमा तिब्बत र दक्षिणमा चितवन र तनहुँ जिल्लाहरु रहेका छन् ।

**हावापानी**

यस जिल्लाको भौगोलिक वनावट खोंच, पहाड, उच्च हिमाल, पहाडी भिर वस्ती तथा टारहरु रहेको छ । यहाँ ४ प्रकारका हावापानी रहेको पाइन्छ ।

१. उष्ण हावापानी

२. समशितोष्ण हावापानी

३. शितोष्ण हावापानी

४. हिमाली (अल्पाइन) हावापानी

नेपाल सरकार, जनसंख्या तथा वातावरणले प्रकाशन गरेको जलवायु परिवर्तन सङ्कटासन्न नक्साङ्कन प्रतिवेदन २०११ मा उल्लिखेत ईन्डेक्स (index) को आधारमा गोरखा जिल्ला उच्च जोखिमको अवस्थामा (०.६०१-०.७८६, High Rank) रहेको सुचिकृत छ ।

तालिका १ गोरखा जिल्लाको संकटासन्नताको अवस्था

| क.स | सुचकाङ्कहरु | अवस्था | | | | |
|---|---|---|---|---|---|---|
| | | अति उच्च | उच्च | मध्यम | न्यून | अति न्यून |
| १ | वर्षा तथा तापक्रम | | | | √ | |
| २ | पारिस्थितिकीय संकटासन्नता | | √ | | | |
| ३ | पहिरो/भू-क्षय | | √ | | | |
| ४ | बाढि/डुवान | | | | | √ |
| ५ | सुख्खा | | | √ | | |
| ६ | हिमताल विष्फोट | √ | | | | |
| ७ | असिना | | | √ | | |
| ८ | महामारी (झाडापखाला लगायत अन्य पानीजन्य रोगहरु, कोभिड-१९, आदि) | | | √ | | |
| ९ | समग्र संकटासन्नताको ईण्डेक्स | | √ | | | |

यो मनसुन आपतकालिन कार्ययोजना २०७७ गोरखा जिल्लाको जिल्ला विपद पूर्व तयारी तथा प्रतिकार्य योजना २०७६ को भाग हुने छ ।

# परिच्छेद २: कार्ययोजनाको उद्धेश्य र आवश्यकता

बहु प्रकोप जोखिमयुक्त देशहरु मध्ये नेपाल पनि उच्च जोखिममा रहेको देशमा पर्दछ । नेपालको भौगोलिक बनावट प्रकोपका दृष्टिले अति संवेदनसिल तथा जोखिमयुक्त अवस्थमा रहेको छ । विभिन्न तथ्याङ्कहरुमा उल्लेख भए अनुसार नेपाल सम्पुर्ण जोखिमको हिसावले २० औं स्थानमा छ । भूकम्पको जोखिमको हिसावले विश्वमा ११ औं, वाढीको हिसावले ३० औं र जलवायु परिवर्तनको हिसावले एशिया स्तरमा छैठौं जोखिमपूर्ण देशका रुपमा रहेको छ । नेपालका २३१५ वटा हिमतालमध्ये २२ वटा ताल फुट्ने अवस्थामा छन् । मुलुकमा प्रत्येक वर्ष प्रकोपका ४२० वटा घटनाहरु घटेको पाइन्छ । प्रत्येक वर्ष १००० को हाराहारीमा मानिसहरु मारिन्छन् । हरेक वर्ष लगभग ८० जना वेपत्ता हुन्छन्, ९३५० घरधुरी र १३,३०,००० जनसंख्या प्रभावित, १६,००० घर परिवार विस्थापित, १ अर्व भन्दा बढी आर्थिक क्षति हुन्छ । नेपालमा २०७२ बैशाष १२ गते गएको विनासकारी गोरखा भूकम्पका कारण १४ वटा जिल्लाहरु अति प्रभावित बनेका छन् । भूकम्पका कारण ८०२० जनाको ज्यान गएको छ भने १६,०३३ जना घाईते भएका छन् । त्यस्तै गरेर ३७५ जना मानिसहरु हराएको नेपाल सरकार, गृह मन्त्रालयको प्रतिवेदनमा उल्लेख भएको छ । गोरखा जिल्लामा विपद्संग सम्वन्धित तथ्याङ्कहरु व्यवस्थित ढंगले राख्ने प्रणाली स्थापना नभएता पनि प्रकोपको हिसावले संवेदनशिल जिल्लाको रुपमा पहिचान भएको छ । *(स्रोतः जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६, गोरखा)*

गोरखा जिल्ला विशेषतहः पहिरो तथा आगलागीको जोखिमले संकटासन्न रहेको कुरा रेडक्रस जिल्ला शाखा तथा जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कहरुबाट आँकलन गर्न सकिन्छ । यस जिल्लाका अन्य प्रकोपहरुमा बाढी, चट्याङ्ग, हावाहुरी, असिना, जंगली जनवारको आक्रमण र विभिन्न प्रकारको महामारीहरु प्रमुख रुपमा रहेका छन् । वर्तमान अवस्थामा विश्व व्यापीरुपमा फैलिएको कोभिड-१९ (कोरोना भाईरस) को जोखिममा पनि गोरखा जिल्ला रहेको छ । जिल्लाको उत्तरी सिमाना यस रोगको उद्गमस्थल चिनसँग जोडिएको छ भने रोजगारीका लागि जिल्ला बाहिर जानेहरुको संख्या पनि अत्यधिक रहेको छ । यी मानिसहरुको आवागमनलाई व्यवस्थित गर्न सकिएन भने यस जिल्लामा रोगको जोखिम अझ बढ्न सक्ने देखिएको छ ।

यसरी हेर्दा नेपालमा मनसुनको समयमा पनि कुनै पनि प्रकारको विपद्का घट्ना घट्न सक्ने सम्भावना अत्याधिक मात्रामा रहेको छ । यसको लागि जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह तथा अन्य सरोकारवालाहरुले पूर्व तयारी गरी मनसुनको समयमा विपद्वाट हुने क्षतीको न्यूनीकरण गर्न समुदायस्तरसम्म सचेतना फैलाउनु र सामनाका लागि तयारी रहनु आवश्यक छ ।

जिल्लाको विविध प्रकारको भौगोलिक बनावट र वातावरणीय विविधताले गर्दा मनसुनको समयमा उत्पन्न हुन सक्ने विपद्का परिणामलाई पूर्व तयारी गरी जोखिम न्यूनीकरणका उपायहरु अपनाउनुपर्ने हुन्छ । विगतका विभिन्न विपदहरुको सिकाइलाई मध्यनजर गरी जिल्लामा मनसुन आपतकालिन कार्ययोजनाका टट्कारो महशुस गरी गोरखा जिल्लामा यो मनसुन आपतकालिन कार्ययोजना २०७७ तयार गरिएको छ ।

## २.१ कार्ययोजनाको उद्देश्य

### २.१.१ समष्टिगत उद्देश्य :

मनसुनको समयमा हुने विपद्बाट उत्पन्न मानवीय असरहरू न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि जिल्लाको मनसुन आपतकालिन प्रतिकार्य क्षमता अभिवृद्धि गर्दै प्रभावितहरूका आधारभूत आवश्यकताहरूलाई समयमा नै प्रभावकारी एवं समन्वयात्मक रुपमा उपलब्ध गराउने कार्यको सुनिश्चितता गर्नु रहेकोछ ।

### २.१.२ निर्दिष्ट उद्देश्यहरु :

- मनसुन विपद्बाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्धार गरी मानवीय सहयोगको उपलब्धता सुनिश्चित गर्न,
- उपलब्ध न्यूनतम साधन स्रोतको अधिकतम उपयोग गर्दै आवश्यक अन्य साधन स्रोतहरुको खोजी गरी नेपाल सरकारबाट भएका निर्णयको कार्यान्वयन गर्न,
- स्थानीय सरकार, सरोकारवाला निकाय तथा संघ संस्थाहरूसँग प्रभावकारी समन्वयको सुनिश्चितता गरी मनसुन आपतकालिन विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई प्रभावकारी बनाउन,
- जोखिम नक्सांकन गरी मनसुन समयको संकटासन्नताको पहिचान, स्तरीकरण तथा क्षमता विश्लेषण गरी जोखिम न्यूनीकरण गर्ने खालका क्रियाकलापहरू सञ्चालन गर्न,
- जिल्लामा आपतकालीन कोषको स्थापना गर्न ।

## २.२ कार्ययोजनाको अपेक्षित नतिजा

यस कार्ययोजनाले खोजेका परिणामहरू मुख्यतया निम्न लिखित विषय वस्तुसँग सम्बन्धित रहेका छन् :

- मनसुनको समयमा हुने विपद्बाट प्रभावित समुदायलाई उद्धार, राहत, तथा सहयोग गर्न सजिलो हुने छ ।
- जिल्लामा विपदको क्षेत्रमा कार्यरत संघ-संस्थाहरूको पहिचान तथा श्रोत साधनको आंकलन हुने छ ।
- विषयगत क्षेत्रहरूको मनसुन आपतकालिन कार्ययोजना निर्माण भई प्रतिकार्यका लागि सरल दस्तावेज निर्माण हुने छ ।
- मनसुन आपतकालिन अवस्थामा विपद् जोखिम न्यूनीकरण गर्न सरोकारवालाहरू वीच समन्वयात्मक संयन्त्रको निर्माण भई विपद्को समय र विपद् पश्चात् तत्काल प्रतिकार्य गर्न सहज हुने छ ।
- मनसुन अवधिको विपद्को समयमा स्थानीय तह तथा जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समितिको समन्वय र सहकार्यमा प्रभावकारी प्रतिकार्यका गतिविधिलाई अघि बढाइने छ ।

# परिच्छेद ३: मनसुन आपतकालिन कार्ययोजना, २०७७

वर्षायाममा बाढी, पहिरो, डुवान, हावाहुरी, असिना, चट्याङ्ग जस्ता प्रकोपहरुका कारण गोरखा जिल्लाका विभिन्न पालिकाहरुमा धनजनको क्षति हुने गरेको छ । यस्तो विपदको क्षतिलाई न्यूनीकरण गर्न, सम्भावित प्रकोपको लागि पूर्व तयारी रहन र आवश्यक प्रतिकार्यका लागि ठोस कार्ययोजना तयार गर्नु अनिवार्य रहेकोले विभिन्न सरोकारवाला संस्था तथा निकायहरुसँगको छलफल र प्राप्त तथ्यांकहरुको आधारमा यो मनसुन आपतकालिन कार्ययोजना २०७७ तयार पारिएको छ । मनसुनको समयमा हुने आपतकालिन अवस्थामा विपद जोखिम न्यूनीकरण, खोज तथा उद्धार र राहत वितरण जस्ता कार्यहरु यसै कार्ययोजना बमोजिम हुनेछन् ।

| सि.नं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी संस्था, निकाय | समय | कैफियत् |
|---|---|---|---|---|---|
| १ | ● जल तथा मौसम विज्ञान विभागका मौसम पूर्व सूचनाहरु संकलन गरी आवश्यक सतर्कताकालागि सम्बन्धित पालिका तथा सर्वसाधारणमा जानकारी गराउने ।<br>● पालिकाहरुसँगको समन्वयमा बाढी, पहिरो, हावाहुरी, असिना तथा डुवानको जोखिममा रहेका वस्तीहरुमा पूर्व सूचना दिने र प्रकोपबाट सतर्कताकालागि सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गरी सुरक्षित रहन सूचित गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | स्थानीय विपद व्यवस्थापन समिति<br>नगरपालिका तथा गाउँपालिकाहरु<br>जिल्ला समन्वय समिति | मनसुन अवधि भरी | |
| २ | ● खोज तथा उद्धारका लागि आवश्यक न्यूनतम सामग्री सहित टोलीलाई तयारी अवस्थामा राख्ने ।<br>● जिल्लामा रहेका खोज तथा उद्धारका लागि आवश्यक ठूला साधनहरु आवश्यक पर्नासाथ प्रयोगमा ल्याउन सकिने गरी रणनैतिक स्थानमा राख्ने ।<br>● स्थानीय विपद व्यवस्थापन समितिहरुलाई क्रियाशिल रही सम्बन्धित क्षेत्रको वस्तुगत अवस्था पहिचान तथा सूचना अद्यावधिक गर्न पालिकाहरु मार्फत जानकारी गराउने । | जिल्ला विपद व्यवस्थापन समिति<br>नगरपालिका तथा गाउँपालिकाहरु | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>सुरक्षा निकायहरु<br>सडक<br>जिल्ला समन्वय समिति | मनसुन अवधि भरी | |
| ३ | ● पालिकाहरुको मनसुन प्रतिकार्य पूर्वतयारी योजना तयार गर्न स्थानीय विपद व्यवस्थापन समिति तथा पालिकाहरुमा पत्राचार गर्ने र तयारी मनसुन प्रतिकार्य पूर्वतयारी योजनालाई जिल्ला आपतकालिन कार्य केन्द्रमा अद्यावधिक राख्ने । | जिल्ला विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>District Lead Support Agency (DLSA) | मनसुन अवधि भरी | |
| ४ | ● मौसम पूर्वानुमानका सूचनाहरुको आधारमा सम्बन्धित समुदायहरु तथा सरोकारवालाहरुमा सतर्कता सन्देश पठाउने । | जिल्ला विपद व्यवस्थापन समिति<br>जिल्ला आपतकालिन कार्य केन्द्र | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>District Lead Support Agency (DLSA) | मनसुन अवधि भरी | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | ● जिल्ला तथा स्थानीयसतरमा राहत सामग्रीहरुको भण्डारणको व्यवस्था गर्ने ।<br>● राहत सामग्रीहरुको उचित भण्डारणको अनुगमन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति<br>जिल्ला आपतकालिन कार्य केन्द्र | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>District Lead Support Agency (DLSA) | निरन्तर | |
| ६ | ● जिल्ला विपद पूर्वतयारी तथा प्रतिकार्य योजनालाई अद्यावधिक गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>District Lead Support Agency (DLSA) | निरन्तर | |
| ७ | ● स्थानीय तहमा विपद प्रतिकार्य समूहहरुको गठन तथा परिचालन | स्थानीय विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाउँपालिकाहरु | निरन्तर | |
| ८ | ● विपद पश्चात् महामारी फैलिन नदिन र स्वास्थ्य सेवा प्रवाहमा सतर्कता अपनाउन आवश्यक औषधी तथा अन्य उपकरण र औजारहरुको पूर्व तयारी गरी भण्डारण लगायत आवश्यक तयारी अवस्थामा रहने । | जिल्ला विपद व्यवस्थापन समिति<br>स्वास्थ्य संस्था<br>नगरपालिका तथा गाउँपालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिति | निरन्तर | |
| ९ | ● जिल्ला विपद व्यवस्थापन समितिले जिल्लाका सबै पालिकाहरु र जिल्ला स्थित सम्पूर्ण संस्था तथा निकायहरुसँग समन्वयात्मक भूमिका निर्वाह गरी मनसुनको कारण भएको क्षतिको विवरण तथा तथ्यांक संकलन गर्ने र राहत वितरण प्रकृयालाई प्रभावकारी बनाउने ।<br>● क्षति अनुसार राहत तथा सहयोगको लागि संघीय सरकार, प्रदेश सरकार, स्थातीय सरकार तथा अन्य विपद जोखिम न्यूनीकरणमा क्रियाशिल संस्थाहरुसँग समन्वय गर्ने साथै प्रतिकार्यका कामहरु व्यवस्थितरुपमा सञ्चालन गर्ने । | जिल्ला विपद व्यवस्थापन समिति<br>नगरपालिका तथा गाउँपालिकाहरु | स्थानीय विपद व्यवस्थापन समिति<br>विपद जोखिम न्यूनीकरणमा क्रियाशिल संघसंस्थाहरु | निरन्तर | |
| १० | ● मनसुन पूर्व तयारी तथा प्रतिकार्यमा भए गरिएका कामहरुको अभिलेख राख्ने तथा सम्बन्धित निकायमा जानकारी गराउने । | जिल्ला विपद व्यवस्थापन समिति | नगरपालिका तथा गाउँपालिकाहरु<br>स्थानीय विपद व्यवस्थापन समिति<br>District Lead Support Agency (DLSA) | निरन्तर | |

जिल्ला स्थित सम्पूर्ण पालिकाहरु, विषयगत कार्यालयहरु, स्थानीय विपद व्यवस्थापन समितिहरु र अन्य संघसंस्थाहरुले यस मनसुन आपतकालिन कार्ययोजना २०७७ बमोजिम आ-आफ्ना कार्ययोजनाहरु तयार गरी कार्यान्वयन गर्न सक्नेछन् साथै त्यसको जानकारी जिल्ला विपद व्यवस्थापन समितिमा गराउनु पर्ने छ ।

**मनसुनको समयमा हुनसक्ने विभिन्न विपद् जोखिमहरु र क्षेत्रगत अवस्था**

विगत वर्षहरुको अनुभव तथा घटना र तथ्यांकहरु साथै स्थानीय विपद् व्यवस्थापन समितिहरुसँगको जानकारीको आधारमा गोरखा जिल्लाका विभिन्न पालिकाहरुमा मनसुनको समयमा हुन सक्ने सम्भावित विपद जोखिमको अवस्था विश्लेषण यस प्रकार रहेको छ ।

**क) पहिरो/भू-क्षय**

| क.सं. | पालिका | विपद् जोखिमको उच्च अवस्थामा रहेका क्षेत्रहरु र प्रभावित हुन सक्ने घरधुरी | विपद् जोखिमको मध्यम अवस्थामा रहेका क्षेत्रहरु र सम्भावित प्रभावित हुन सक्ने घरधुरी | विपद् जोखिमको न्यून अवस्थामा रहेका क्षेत्रहरु र सम्भावित प्रभावित हुन सक्ने घरधुरी |
|---|---|---|---|---|
| १ | चुमनुब्री गापा | पातीगाऊँ ५० घर, दोयल ५० घर, सानो फिलिम ४० घर, घट्टेखोला २२ घर, नाक्चेत १५ घर, सल्लेरी २० घर, जगतबगर ८ घर | | |
| २ | धार्चे गापा | खानीगाऊँ ३५ घर, खानीवेशी १० घर, यमगाऊँ ५५ घर, लाप्राक पुरानो वस्ती ६२४ घर, केरौंजा गाऊँ ३०० घर, काशीगाऊँ १५० घर, खोर्लागाऊँ १०० घर, सिङ्लागाऊँ १९६ घर, दुंलागाऊँ २५ घर, तातोपानी ५ घर, माछाखोला २५ घर, रुन्चेत ५० घर, केरौंजा बेशी ३० घर, हुल्चुक ५० घर, भिरकुनागाऊँ ६० घर, लापुगाऊँ २५ घर | गुप्सीपाखा ५७३ घर, गुम्दागाऊँ ४०० घर, लप्सीबोट ५५ घर, लापुगाऊँ ३०० घर, लिदिङ्ग २५ घर, काशीगाऊँ १६० घर, यार्सागाऊँ १०० घर, लामाबेशी ७५ घर, खोर्लाबिशी ५० घर, उहियागाऊँ ३५० घर | |
| ३ | वारपाक सुलिकोट गापा | वारपाक दलित बस्ती ३० घर, मान्द्रे ४० घर, कोंजे १५ घर, पोखरी ५० घर, रन्चोक ३० घर, सिम्बु ३० घर, खारचोक भञ्ज्याङ्ग २५ घर, कुमालटारी ७५ घर, मसार ३० घर, माथिल्लो जराङ्ग २५ घर, अमले मुलाबारी ५० घर | वारपाक गाऊँ ५० घर, सौरपानी भञ्ज्याङ्ग १०० घर, नालपनजौवारी ३५ घर, माझथर ४० घर, तामालाबोट क्षेत्र १५० घर, मैलुङ्ग २२ घर, पन्दुङ्ग ४० घर, वालुवा २० घर, देउराली भञ्ज्याङ्ग २५ घर | वारपाकगाऊँ, सौरपानी, ताकुकोट |
| ४ | अजिरकोट गापा | धनसिरा ५० घर, ताप्लेगाऊँ ४० घर, बाँझे २० घर, | मिलिम ४० घर, सिमजुङ्ग गाऊँ ५० घर, कुसुण्डे २० घर, झ्यावाँ २५ घर, पोखटार २५ घर, काफलडाँडा २० घर, लामीडाँडा १५ भर, लप्सीबोट १५ घर, आग्रीडाँडा ५० घर, खरिबोट ३५ घर | वालुवा, मुच्चोकटार, ढोडेनी, नम्की, सिरानडाँडा, भच्चेक बजार |
| ५ | सिरानचोक गापा | भिरसिंग १५ घर, केरावारी १५ घर,  नेपाने १० घर र बाटोमुनी | केरावारी गाऊँ ५० घर, आम्दुङ्ग १६ घर, नेपाने ३० | पाँडेबेशी, मुगे, मल्लटार, चोरकाटे, |

| | | | | |
|---|---|---|---|---|
| | | २४ घर, खमारी १२ घर, झिमरेक ५ घर, राम्चे ८ घर, पाम क्षेत्रमा २५ घर, वयापानी ६ घर, निभारे ४ घर, घुरे ४ घर, धादिङ्गगाऊँ ३ घर, सापकोटगाऊँ ३ घर, सिमलबोट १४ घर, काउलेगाऊँ ५ घर, ठानेस्वारा ४ घर र घिमिरेगाऊँ १० घर, फिरफिरे आरुवोटेका १० घर, चित्रे ६ घर, चिउरीबोट ४ घर, अमराई क्षेत्र १० घर, सालबोट ६ घर र हरिवले ५ घर, नामरुङ्ग १० घर, माथिल्लो गाँखु ६ घर, गैरीगाऊँ ५ घर, सान्नानी भञ्ज्याङ्ग क्षेत्रमा १० घर, सिम्ले क्षेत्रमा ४० घर, गोहोरे क्षेत्रमा २० घर, लाङ्दी १० घर, जौवारी क्षेत्रमा १५ घर | घर, महिपते ३५ घर, थालाजुङ्ग र नयाँबजार ५० घर, खमारी २५ घर, माथिल्लो पाम ३० घर, चित्रे १०० घर, चिउरीबोट १५ घर, अमराईं ५० घर, सालबोट २५ घर, छोप्राक मैदान २५ घर, काप्रेस्वारा २५ घर, आरुबोटे ३० घर, अदुवाबारी १५ घर, नयाँचौतारा क्षेत्र १० घर, नामरुङ्ग २५ घर, गाँखुगाऊँ ३० घर, गैरीगाऊँ ३५ घर, भँगेरीगाऊँ २० घर, आरुबोटे २५ घर, सिम्ले क्षेत्र ५० घर, माथिल्लो तथा तल्लो गोहोरे क्षेत्र ६० घर, लाङ्दी क्षेत्र १५ घर, जौवारी क्षेत्र २० घर, चिप्लेटी तथा धारापानी क्षेत्र २५ घर | जरेबर, नयाँसाँघु, महटार, अर्कुल, फिनामटार, चनौटे क्षेत्र |
| ६ | आरुघाट गापा | स्यामचेत ४५ घर, स्यामराङ्ग ५० घर, आरखेत ३५ घर, फुलपाती भञ्ज्याङ्ग ८० घर, अलैंचे ५० घर, | माझगाऊँ मान्बु १००, जामुने २५ घर, आप्रिक ५० घर, आरुपोखरी १०० घर, आरुघाट ३५ घर, | लामबगर, सातदोवाटो, आरुटार, मङ्गलटार, ओयाक |
| ७ | भिमसेन थापा गापा | कोयाभञ्ज्याङ्ग ३० घर, मसेल २५ घर | ओख्ले ३५ घर, डाँडाबेशी ५० घर, धावा १०० घर, खान्चोक ३५ घर, घ्याम्पेसाल क्षेत्र १०० घर, मसेल ५० घर, अमलापानी ३५ घर, अस्राङ्ग क्षेत्र १५० घर | |
| ८ | सहिद लखन गापा | धरती पाखा अधेंरी २० घर, तीनघरे ठाडो पखेरा ३० घर, पोखरी २० घर, खगी र दार्चे ५० घर | भोगटेनी क्षेत्र, ताक्लुङ्ग तेर्से बेशी वस्ती | |
| ९ | गण्डकी गापा | सानो दर्वुङ ५० घर, रामपूर १०० घर, देवीथान थुम्का क्षेत्रको चेपाङ्ग ३३ घर, मगर र दलित वस्ती ४० घर, बेनीगाऊँ गुरुङ्ग र नेवार वस्ती २० घर, | | |
| १० | पालुङ्गटार नपा | दार्मीचौर ४० घर, पाथीभारा २५ घर, सानो डुम्रे २० घर, राउतेपानी सभाचौतारो २५ घर, | सिमपानी, फलामखानी, वागडाँडा, धुवाँकोट | |
| ११ | गोरखा नपा | कोखे आहाले ५० घर, नारेश्वर ३५ घर, खाल्टे गँगटे ३५ घर, | | |

**ख) बाढी /डुवान/कटान**

बुढी गण्डकी कोरिडोर - जगतबगर, यारुबगर, माछाखोला, सोती, आरखेत, आरुघाट, क्यामुटार, बुटार,

दरौंदी कोरिडोर - वालुवा, ढोडेनी, फिनामटार, अर्कुल, चनौटे, भालुश्वारा, खहरे महटार, नयाँसाघु, जरेबर, चोरकाटे, छेवेटार

हुडीखोला - हुडीफाँट, लामगरा, एक्लेफाँट

मोदीखोला - लामबगर, तान्द्राङ्ग र आरुपोखरीको बेशी भाग

भुसुण्डीखोला - भुसुण्डीफाँट, चोरकाटे, समिफेद, अन्नपूर्णबेशी

चेपे खोला - बुधसिंटार, पाँडेबेशी, मुगे, एक्लेफाँट, भण्डारथोक, चेपेघाट

मनसुनको समयमा हुन सक्ने विपद् जोखिमहरुको प्रभावित क्षेत्रहरु, त्यसको सम्भावित प्रभाव आदिलाई मध्यनजर गरी पूर्व तयारी अवस्थामा रहन साथै विपदको समयमा खोज तथा उद्धार र राहत व्यवस्थापनका लागि गर्न सकिने सम्भावित क्रियाकलापहरु र जिम्मेवारी वाँडफाँड यस प्रकार गरिएको छ ।

| प्रभावित हुन सक्ने स्थान | संभावित प्रभाव | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी संस्था | समयसिमा |
|---|---|---|---|---|---|
| **पहिरो/भूक्षय/बाढी** | | | | | |
| चुमनुब्री गाऊँपालिकामा ६९२३ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>धार्चे गाऊँपालिकामा १३२१९ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>अजिरकोट गाऊँपालिकामा १४८०२ जनसंख्या बाढी तथा पहिरोको जोखिममा रहेका छन् ।<br>वारपाक सुलिकोट गाऊँपालिकामा २५३८९ जनसंख्या बाढी तथा पहिरोको उच्च जोखिममा रहेका छन् ।<br>सिरानचोक गाऊँपालिकामा २३६२८ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् । | • पहिरोबाट घरबस्ती, खेतबारी तथा अन्य धनजनको क्षति हुन सक्ने ।<br>• बाढीका कारण खोला तथा नदी तटीय जग्गा कटान भई जग्गा तथा बालीनाली नोक्सान हुन सक्ने ।<br>• बाढीले बगाएर समुदायमा धनजनको क्षति हुन सक्ने । | • मौसम पूर्व सूचना संकलन र प्रशारणका लागि पालिका र स्थानीय विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने ।<br>• पालिका, स्थानीय विपद व्यवस्थापन समिति र समुदाय बीच साझा सूचना प्रवाह गर्ने ।<br>• प्राप्त सुचना प्रभावित समुदायमा पुगे नपुगेको पालिका तथा स्थानीय विपद व्यवस्थापन समितिका विपद सम्पर्क व्यक्ति मार्फत् सुनिश्चित गर्ने ।<br>• समुदायको सम्पर्क व्यक्तिले नियमित | जिल्ला विपद व्यवस्थापन समिति, नगरपालिका, गाऊँपालिका, स्थानीय विपद व्यवस्थापन समिति, | जिल्ला समन्वय समिति, विपदका क्षेत्रमा कामगर्ने संघ संस्थाहरु, सुरक्षा निकाय, नीजि क्षेत्र, सञ्चार माध्यम | मनसुनको अवधि भर निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| आरुघाट गाऊँपालिकामा २३८८७ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>भिमसेन थापा गाऊँपालिकामा २२०३३ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>सहिदलखन गाऊँपालिकामा २७५५५ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>गण्डकी गाऊँपालिकामा २३२५३ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>पालुङ्गटार नगरपालिकामा ३८१७४ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् ।<br>गोरखा नगरपालिकामा ४९२७२ जनसंख्या बाढी, पहिरो तथा खोला/नदी कटानको जोखिममा रहेका छन् । | | रुपमा सम्भाबित बाढी तथा पहिरो जाखिम क्षेत्रको अनुमन गर्ने, जोखिम बढेमा पालिका वा स्थानीय विपद व्यवस्थापन समितिका सम्पर्क व्यक्ति र प्रमुखलाई जानकारी गराउने ।<br>• बाढी तथा पहिरो प्रभावित हुन सक्ने समुदायमा खोज तथा उद्धारका लागि आवश्यक पर्ने तालिम प्राप्त जनशक्ति र आवश्यक सामग्रीहरुको नक्सांकन तथा व्यवस्थापन गर्ने ।<br>• बाढी पहिरोका कारण विस्थापित हुन पुगेका परिवारका लागि अस्थाई क्याम्पको लागि आवश्यक स्थान र साधनहरुको तयारी गर्ने ।<br>• अत्यावश्यक राहत सामग्री वितरणको व्यवस्था तथा अनुगमन गर्ने ।<br>• जिल्ला विपद व्यवस्थापन समितिमा मनसुनका कारण भएको क्षति तथा राहत वितरणको विवरण अद्यावधिक गर्ने । | | | |
| **असिना/हिउँ** | | | | | |
| चुमनुब्री गाऊँपालिकाका सबै वडाहरु<br>धार्चे गाऊँपालिकाका सबै वडाहरु । | • जिल्लाको चुमनुब्री, धार्चे, वारपाक सुलिकोट र अजिरकोट गाउँपालिकाका | • असिना तथा हिउँ पर्न सक्ने समयलाई ध्यान दिई वालीनाली लगाउने । | जिल्ला विपद व्यवस्थापन समिति, नगरपालिका, गाऊँपालिका, | जिल्ला समन्वय समिति, विपदका क्षेत्रमा | मनसुनको अवधि भर निरन्तर |

| | | | | | |
|---|---|---|---|---|---|
| अजिरकोट गाऊँपालिकाका सबै वडाहरु । | क्षेत्रहरुमा अत्यधिक हिउँका कारण समुदाय घर भित्रै बस्न बाध्य हुन सक्ने ।<br>• प्रभावित समुदायमा आर्थिक उपार्जनका क्रियाकलापहरु बन्द हुन सक्ने ।<br>• प्रभावित समुदायमा घरबस्तीहरु हिउँले भत्काउन सक्ने र समुदाय जोखिममा पर्ने, विस्थापित हुन सक्ने ।<br>• जिल्लाका सबैजसो पालिकाहरुका साथै मुख्यतः तल्लो क्षेत्रका पालिकाहरु सिरानचोक, भिमसेनथापा, आरुघाट, सहिदलखन, गण्डकी गाउँपालिकाहरु र गोरखा तथा पालुङ्गटार नगरपालिकामा असिनाका कारण वालीनाली नोक्सान भई समुदायमा आर्थिक व्ययभार बढ्न सक्ने । | • पूर्व तयारी स्वरुप खाद्यान्न सञ्चिति, दाउरा र ग्याँसको व्यवस्थापन तथा अन्य आवश्यक उपभोग्य सामग्रीहरुको व्यवस्थापन गर्ने ।<br>• विपद आईपरेमा खोज तथा उद्धारका लागि मानव स्रोत तथा सामग्री व्यवस्थापन गर्ने ।<br>• पालिका, स्थानीय विपद व्यवस्थापन समिति तथा जिल्ला विपद व्यवस्थापन समितिमा हिउँ तथा असिनाले पारेको प्रभाव तथा क्षतिको विवरण र राहत वितरणको अभिलेख अद्यावधिक गर्ने । | स्थानीय विपद व्यवस्थापन समिति, | कामगर्ने संघ संस्थाहरु, सुरक्षा निकाय, नीजि क्षेत्र, सञ्चार माध्यम | |
| वारपाक सुलिकोट गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| सिरानचोक गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| आरुघाट गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| भिमसेन थापा गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| सहिदलखन गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| गण्डकी गाऊँपालिकाका सबै वडाहरु । | | | | | |
| पालुङ्गटार नगरपालिकाको सबै वडाहरु । | | | | | |
| गोरखा नगरपालिकाको सबै वडाहरु । | | | | | |

मनसुनको समयमा हुन सक्ने पहिरो, बाढी तथा नदी कटान आदि विपद जोखिम न्यूनीकरण अन्तरगत गरिने पूर्व तयारीका साथै उद्धार तथा राहत वितरण महत्वपूर्ण हुन आउँछ। यसका लागि जिल्ला भित्र पहिचान गरिएका तथा प्रयोग गर्न सकिने सम्भावित सुरक्षित आश्रयस्थलहरुको विवरण यस प्रकार रहेको छ।

| पालिका | सम्भावित आश्रयस्थल |
|---|---|
| चुमनुव्री गाऊँपालिका | फिलिम, छेकम्पार, |
| धार्चे गाऊँपालिका | उहियागाऊँ, माछाखोला, लामाबेशी, खोर्लाबेशी, गुम्दागाऊँ, गुप्सीपाखा, लापुबेशी, |
| वारपाक सुलिकोट गाऊँपालिका | वारपाकगाऊँ, सौरपानी, ताकुकोट, पन्द्रुङ्ग, देउराली, घ्याम्पेसाल |

| | |
|---|---|
| अजिरकोट गाऊँपालिका | वालुवा, भच्चेक, खरिबोट, काफलडाँडा, लप्सीबोट, बुघसिंटार, सिमजुङ्ग, मुच्चोकटार |
| सिरानचोक गाऊँपालिका | चिप्लेटी, नयाँबजार, चित्रे, हर्मी भञ्ज्याङ्ग, मैदान, चोरकाटे, नयाँसाँघु, अर्कुल, फिनामटार, जौवारी बजार |
| आरुघाट गाऊँपालिका | आरखेत, आरुघाट, आरुटार |
| भिमसेनथापा गाऊँपालिका | तान्द्राङ्ग, घ्याम्पेसाल, बगुवा, |
| सहिदलखन गाऊँपालिका | मनकामना, क्यामुनटार, आदि |
| गण्डकी गाऊँपालिका | घ्याल्चोक, मकैसिं, |
| पालुङ्गटार नगरपालिका | ठाँटीपोखरी, हवाई ग्राउण्ड, विरुवाटार, सेरा, विर्दी, बोहोराटार, |
| गोरखा नगरपालिका | गोरखा बजार, छेवेटार, देउराली |

## जिल्ला विपद् व्यवस्थापन समिति, गोरखाको कोभिड-१९ (कोरोना भाईरस) सम्बन्धी आकस्मिक योजनाः

मनसुनको समयमा अन्य विभिन्न विपदको साथमा वर्तमान अवस्थामा उच्च जोखिममा रहेको कोभिड-१९ को बारेमा जिल्लामा समुदायस्तरमा सचेतना अभिबृद्धि साथै सेवा प्रदायकहरुमा आत्मवल बढाउन जरुरी भएको र यस रोगले थप महामारी लिन नसकोस् भन्ने हेतुले यो कोभिड-१९को आकस्मिक योजनालाई मनसुन आपतकालिन कार्ययोजनाको भाग बनाईएको छ। यसलाई मनसुन आपतकालिन कार्ययोजना सँगै जिल्लामा सञ्चालन गरिने छ।

### चरण १: सामान्य अवस्था

यो सुरुवाती चरण हो। यस चरणमा मुख्यतः निम्नलिखित कुराहरुलाई ध्यान दिई आकस्मिक योजना निर्माण गरिएको हुन्छ।

- विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोना संक्रमणको उच्च जोखिममा राख्नु।
- नेपाल सरकारबाट यात्रा तथा कार्यालय सञ्चालन सम्बन्धी कुनै सूचना जारी नभएको अवस्था तर उच्च सतर्कता अपनाउन सूचना जारी गरिनु।

**असरः** यस अवस्थामा कोभिड-१९ को समग्र असर न्यून रहेको देखिन्छ। तर यसको प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा निम्नलिखित प्रभाव रहेको हुन्छ।

- समुदायमा कोभिड-१९ को बारेमा चासो बढ्ने।
- सरकारी तथा गैरसरकारी क्षेत्रबाट प्रवाह हुने सेवा सुचारु रहने।
- ठूला सभा समारोह तथा मेला आदि कम हुने।
- रोकथाम तथा सुरक्षाका सामग्रीहरुको खोजी।

यस चरणमा पूर्व तयारी रहन तथा रोकथामका लागि तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिनेछ।

| पूर्वतयारीका लागि गरिने कार्यहरु | चरण १ अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु |
|---|---|
| १.जनप्रतिनिधि, कर्मचारी तथा समुदायमा यसको रोकथामका लागि अपनाउनु पर्ने उपायहरु सहित उच्च सतर्कता अपनाउन सूचना जारी गर्ने।<br>२.जनप्रतिनिधि, कर्मचारी तथा स्वास्थ्य कर्मीहरुका लागि सुरक्षात्मक सामग्रीहरु खरिद गरी वितरण गर्ने।<br>३.मातहतका संयन्त्रहरुको बैठक राखी आवश्यक पूर्वतयारी तथा सचेतनामुलक कामहरु गर्ने। | • स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाउने।<br>• पालिकाहरु, स्वास्थ्य संस्था तथा विपद् व्यवस्थापन समितिको माध्यमबाट कोभिड-१९ लाई मध्यनजर गरी नियमित रुपमा पालिकास्तरको अवस्था आँकलन |

| | |
|---|---|
| ४.सरोकारवालाहरुसँगको बैठक आयोजना गर्ने तथा आयोजित बैठकहरुमा सहभागी हुने ।<br>५.जिल्ला स्तरको आकस्मिक योजना तयार गर्ने र पालिकास्तरको आकस्मिक योजना तयारीका लागि पालिका तथा स्थानीय विपद व्यवस्थापन समितिलाई पत्राचार गर्ने । | प्रतिवेदन तयार गर्ने र सम्बन्धित सरोकारवालाहरुलाई जानकारी गराउने ।<br>● सूचना, शिक्षा तथा जानकारीमुलक सामग्री तयार गरी समुदायमा सचेतिकरण गर्न सहजीकरण गर्ने । |

## चरण २: सतर्क अवस्था

यो अवस्थामा बाह्य मुलूकबाट नेपालमा आएका व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण देखिन थालेको हुन्छ । यसबाट अन्य व्यक्तिमा संक्रमण फैलिन नदिनका लागि उच्च सतर्कता अपनाउनु पर्ने हुन्छ । विभिन्न सञ्चार माध्यमहरु, स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला र सहयोगी संस्था तथा निकायहरुसँग समन्वयात्मक रुपमा रोकथामका उपायहरु अपनाउन र समुदायमा संक्रमण फैलिन नदिन सचेतीकरणका कामहरु सञ्चालन गर्नुपर्दछ । मुख्यत: निम्नलिखित अवस्थामा कोभिड-१९ को संक्रमणको जिल्लामा दोस्रो चरणमा रहेको हुनेछ ।

- विश्व स्वास्थ्य संगठनले नेपाललाई कोरोना संक्रमणको उच्च जोखिममा राख्नु र नेपाल तथा क्षेत्रीयस्तरमा कोभिड-१९ को संक्रमण देखिनु ।
- नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका कार्यालय बन्द गर्ने निर्णय गर्नु ।
- हवाई तथा लामो दूरीका यातायात बन्द गरिनु ।

**असर:** यस अवस्थामा कोभिड-१९ को समग्र असर न्यून तथा मध्यम रहेको देखिन्छ । तर यसको प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा निम्नलिखित प्रभाव रहेको हुन्छ ।

- स्वास्थ्य कर्मीहरु जो प्रत्यक्ष विरामीको सम्पर्कमा रहनु पर्ने हुन्छ उनीहरुमा डर तथा जोखिम बढ्ने ।
- अत्यावश्यक सामग्रीहरुको अनावश्यक सञ्चितिगर्ने अवस्था सृजना हुने र बजारमा कृत्रिम अभाव देखिने ।
- शंकाको आधारमा र संक्रमणको डरका कारण समुदायमा भेदभाव बढ्न सक्ने र सामाजिक सद्भावमा खलल पुग्न सक्ने ।
- आर्थिक क्षेत्रमा असन्तुलन देखिन सक्ने ।
- शहर तथा अन्य बाहिरी क्षेत्रबाट गाऊँपालिकामा फर्किएर आउने मानिसहरुले व्यक्तिगत क्वारेन्टाईनमा नबसी खुलारुपमा हिंडडुल गरेमा थप जोखिम बढ्न सक्ने ।

यस चरणमा पूर्व तयारी रहन तथा रोकथामका लागि चरण १ मा गरिने क्रियाकलापको निरन्तरताको साथै तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

| **पूर्वतयारीका लागि गरिने कार्यहरु** | **चरण २ अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु** |
|---|---|
| १. जिल्ला भित्र धेरै मानिसहरुको सहभागितामा हुने भेला, बैठक, तालिम, गोष्ठी, सभा, सम्मेलन, भोज भतेर, पेला पर्व आदिमा प्रतिवन्ध लगाउने ।<br>२. पालिकाहरु, स्थानीय विपद व्यवस्थापन समिति, स्वास्थ्य संस्था, सुरक्षा निकायहरुको सक्रियतामा समुदायमा आवत जावत गर्ने व्यक्तिहरुको लेखाजोखा राख्ने र गतिविधिहरुको आँकलन गर्ने ।<br>३. नेपाल सरकारको यात्रा सम्बन्धी व्यवस्थालाई स्थानीय तहसम्म जानकारी गराउने । | ● स्थानीय विपद व्यवस्थापन समितिलाई क्रियाशिल बनाई समुदायमा सचेतना अभियान सञ्चालन गर्ने ।<br>● जिल्ला भित्र बढी जोखिममा रहेका व्यक्ति र समुदाय पहिचान गरी उच्च सतर्कताका साथ उनीहरुको अवस्था र गतिविधिहरुको अनुगमन गर्ने र त्यसको अभिलेख राख्ने ।<br>● पालिकाको समन्वयमा स्थानीय विपद व्यवस्थापन समिति, क्याड्रे, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, टोलटोलका |

| | |
|---|---|
| ४. स्वास्थ्य कमीहरुको लागि कोभिड-१९ को संक्रमण सुरक्षाका लागि आवश्यक सुरक्षा सामग्रीहरु खरिद तथा वितरणको व्यवस्था गर्ने गराउने ।<br>५. समुदायमा संक्रमणको शंका लागेमा वा बाहिरबाट आउने व्यक्तिहरुलाई १४ दिन स्वयं क्वारेन्टाईनमा बस्नको लागि स्थानीय विपद व्यवस्थापन समिति तथा पालिका मार्फत सूचित गर्ने ।<br>६. समुदायमा कुराकानी गर्नु पर्दा कम्तीमा एक मिटरको दूरी कायम गरी बस्ने कुराको जानकारी गराउने । | प्रतिनिधि, विभिन्न समुह/समितिका पदाधिकारीहरु, महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य कर्मीहरुको सहयोगमा कोभिड-१९ को रोकथामका लाथि समुदायस्तरमा अपनाउनु पर्ने कुराहरुको बारेमा सचेतनामुलक सामग्री वितरण तथा अभियान सञ्चालन गरी यस रोगको रोकथाममा समुदाय सुसुचित भएको निर्क्यौल गर्ने ।<br>● लाभग्राहीहरु जिल्ला तथा पालिकामा नै आउने भन्दा पनि फोन तथा अन्य माध्यमबाट सूचना तथा जानकारी लिने र अत्यावश्यक अवस्था बाहेक जिल्ला तथा पालिकामा नआउने कुरा जानकारी गराउने र विद्युतिय माध्यमको प्रयोग गर्न जानकारी गर्ने । |

## चरण ३: सम्वेदनशील अवस्था

यो अवस्थामा बाह्य मुलूकबाट नेपालमा आएका धेरैजसो व्यक्तिहरुमा कोभिड-१९ को संक्रमण देखिएको हुन्छ । क्वारेन्टिन व्यवस्थापनलाई बढी ध्यान दिईएको हुन्छ । संक्रमण अन्य व्यक्तिसम्म फैलिन नदिनका लागि उच्च सतर्कताका साथै सम्पूर्ण संयन्त्रलाई संवेदनशील बनाईने छ। विभिन्न सञ्चार माध्यमहरु, स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला र सहयोगी संस्था तथा निकायहरुसँग समन्वयात्मक रुपमा रोकथामका उपायहरु अपनाउन र समुदायमा संक्रमण फैलिन नदिन सचेतीकरणका कामहरु सञ्चालन गर्नुपर्दछ । मुख्यतः निम्नलिखित अवस्थामा कोभिड-१९ को संक्रमण तेस्रो चरणमा रहेको हुनेछ ।

- राज्यले कोरोना भाईरसबाट संक्रमित व्यक्तिहरु पहिचान भएमा राख्ने ठाऊको निश्चित गर्नु र सम्पर्क व्यक्तिहरु निश्चित गरिनु ।
- देश बाहिर तथा छिमेकी देशहरुमा यस भाईरसको संक्रमण तिव्र हुनु ।
- देशमा यात्रा प्रतिवन्ध, स्कुल, कलेज तथा कार्यालय बन्द र अनिवार्य स्वयं क्वारेन्टाईन घोषणा हुनु ।
- लकडाउन पालनामा कडाई गरिनु ।
- नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका कार्यालय बन्द गर्ने निर्णय गर्नु ।
- क्वारेन्टिन व्यवस्थापन तथा आरडिटि, पिसिआर जाँच गर्नका लागि रगत तथा स्वाव संकलन गर्ने क्रममा स्वास्थ्य कर्मीहरु पनि संक्रमित भएको अवस्था हुनु ।
- जिल्ला भित्र केही स्थानहरुमा संक्रमण समुदायस्तरमा फैलिएको वा फैलिन सक्ने सम्भावनालाई हेरी ती स्थानहरु सील गरिएको अवस्था हुनु ।
- गाऊँपालिका तथा वडा कार्यालयहरुमा जनप्रतिनिधि तथा कर्मचारीहरु मध्ये कोहि व्यक्ति संक्रमित भई नीजको सम्पर्कका कारण सबैजना क्वारेन्टिनमा बस्नुपर्ने अवस्था आएमा ।

**असर:** यस अवस्थामा कोभिड-१९ को समग्र असर मध्यम रहेको देखिन्छ। तर यसको प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा निम्नलिखित प्रभाव रहेको हुन्छ ।

- यातायात क्षेत्रको प्रतिवन्धले यात्रा बन्द हुनेछ। अत्यावश्यक कामको लागि ई-पासको व्यवस्थापन गरिने ।
- स्वयं क्वारेन्टाईनमा बस्नु पर्ने अवस्था सृजना ।
- स्कूल, कलेज तथा कार्यालय बन्द ।

- समुदाय, कर्मचारी तथा स्वास्थ्य कर्मीहरुमा त्रासको अवस्था सृजना हुन सक्ने साथै स्वास्थ्य कर्मीहरु पनि संक्रमित हुन सक्ने । जसले गर्दा स्वास्थ्य कर्मीहरु जो प्रत्यक्ष विरामीको सम्पर्कमा रहनु पर्ने हुन्छ उनीहरुमा डर तथा जोखिम बढ्ने ।
- जिल्लास्थित स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था निकायको नियमित कामकाजमा अवरोध आउने ।
- शंकाको आधारमा र संक्रमणको डरका कारण समुदायमा भेदभाव बढ्न सक्ने र सामाजिक सद्भावमा खलल पुग्न सक्ने ।
- समुदायमा आर्थिक गतिविधिहरु ठप्प प्रायभई असन्तुलन देखिन सक्ने ।
- संक्रमणको जोखिममा रहेका समुदायहरु वा क्षेत्रहरु सील गरिने ।
- समुदायमा शव व्यवस्थापनमा व्यवधानहरु हुन सक्ने ।

यस चरणमा पूर्व तयारी रहन तथा रोकथामका लागि चरण १ र २ मा गरिने क्रियाकलापको निरन्तरताको साथै तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

| **पूर्वतयारीका लागि गरिने कार्यहरु** | **चरण ३ अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु** |
|---|---|
| १. जिल्ला भरी सभा, सम्मेलन, तालिम, गोष्ठी तथा मानिसहरुको भेलागर्न रोक्ने परिपत्र वा सूचना जारी गर्ने ।<br>२. अनावश्यक यात्रा नगर्ने तथा अत्यावश्यक काम बाहेक घरबाट बाहिर नजान सूचित गर्ने ।<br>३. यस रोगको रोकथामका लागि अपनाउनु पर्ने विधिहरु तथा प्रयोग गर्नु पर्ने सुरक्षा सामग्रीहरु तयारी अवस्थामा राख्ने साथै प्रयोग गर्ने ।<br>४. जनप्रतिनिधि तथा कर्मचारीहरुलाई घरबाट नै कार्यालयको काम गर्ने व्यवस्थाका लागि सूचना जारी गर्ने ।<br>५. स्वास्थ्य कर्मीहरुलाई सुरक्षा सामग्री तथा ज्ञान सीप प्रदान गरी कोभिड-१९ विरुद्ध सशक्त बनाउने ।<br>६. व्यवस्थित क्वारेन्टिन स्थापना गर्ने । | ● स्थानीय समुदायमा यस रोगको रोकथामका लागि अपनाउनु पर्ने तरीकाहरुका बारेमा विभिन्न माध्यमहरु परिचालन गरी सुशुचित गर्ने कार्यक्रमहरु तर्जुमा तथा कार्यान्वयन गर्ने ।<br>● पालिकाहरुको समन्वयमा स्थानीय विपद व्यवस्थापन समिति, क्याड्रे, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन उपभोक्ता समिति, टोटोलका प्रतिनिधि, विभिन्न समुह/समितिका पदाधिकारीहरु, महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य कर्मीहरुको सहयोगमा कोभिड-१९ को रोकथामका लाथि समुदायस्तरमा अपनाउनु पर्ने कुराहरुको बारेमा सचेतनामुलक सामग्री वितरण तथा अभियान सञ्चालन गरी यस रोगको रोकथाममा समुदाय सुसूचित भएको निर्क्यौल गर्ने ।<br>● लाभग्राहीहरु जिल्ला तथा पालिकामा नै आउने भन्दा पनि फोन तथा अन्य माध्यमबाट सूचना तथा जानकारी लिने र अत्यावश्यक अवस्था बाहेक जिल्ला तथा पालिकामा नआउने कुरा जानकारी गराउने र विद्युतिय माध्यमको प्रयोग गर्न जानकारी गर्ने ।<br>● जोखिमका क्षेत्रहरु सील गरी पिससिआर परिक्षणमा तिव्रता दिने ।<br>● जनप्रतिनिधि तथा कर्मचारीहरु संक्रमित भएको अवस्थामा कार्यालयका सम्पूर्ण व्यक्तिहरु क्वारेन्टिनमा राख्ने ।<br>● क्वारेन्टिन र आईसोलेसन व्यवस्थित गर्ने ।<br>● औषधी तथा स्वास्थ्य सामग्री व्यवस्थित गर्ने । |

**चरण ४: जोखिम अवस्था**

आकस्मिक योजनाको चौथो चरण जोखिमको अवस्था हो। यो अवस्थामा क्वारेन्टिन तथा आईसोलेसन व्यवस्थापनलाई बढी ध्यान दिईएको हुन्छ । बाह्य मुलूकबाट नेपालमा आएका सबै व्यक्तिहरुलाई क्वारेन्टिनमा राखेर उनीहरुको पिसिआर परिक्षण गरिन्छ । कोभिड-१९ को संक्रमण संक्रमित व्यक्ति तथा स्वास्थ्य कर्मीहरु मार्फत् उनीहरुका सम्पर्कमा आएका व्यक्तिसम्म फैलिन गई समुदाय सील गरिनुका साथै सम्पर्कमा आएका व्यक्तिहरुको पिसिआर परिक्षणको दायरा बढाउने अवस्था आउने छ। समुदायमा संक्रमण फैलिन गई मानिसहरुको मृत्यू समेत हुने छ। विभिन्न सञ्चार माध्यमहरु, स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला र सहयोगी संस्था तथा निकायहरुसँग समन्वयात्मक रुपमा रोकथामका उपायहरु अपनाउन र समुदायमा थप संक्रमण फैलिन नदिन सचेतीकरणका कामहरु सञ्चालन गर्नुपर्दछ। मुख्यतः निम्नलिखित अवस्थामा कोभिड-१९ को संक्रमण चौथो चरणमा रहेको हुनेछ ।

- कोरोना समुदायस्तरमा संक्रमण भएको कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टी गर्नु, संक्रमितहरुलाई आईसोलेसनमा राखेर उपचार सुरु भएको र विश्व स्वास्थ्य संगठनले स्वास्थ्य आपतकाल घोषणा गरेको अवस्था ।
- नेपाल सरकारद्वारा यात्रा प्रतिवन्ध गर्नु र समुदायमा कम्तीमा १.५ देखि २ मिटरको दूरी राखेर बस्न सूचना जारी गर्नु ।
- नेपाल सरकारले अत्यावश्यक सेवा बाहेकका कार्यालय बन्द गर्ने निर्णय गर्नु । पूर्ण लकडाउन हुनु ।
- क्वारेन्टिन व्यवस्थापन तथा आरडिटि, पिसिआर जाँच गर्नका लागि रगत तथा स्वाव संकलन गर्ने क्रममा स्वास्थ्य कर्मीहरु पनि संक्रमित भएको अवस्था हुनु र उनीहरुको माध्यमबाट समुदायमा संक्रमण फैलिनु ।
- जिल्ला भित्र केही स्थानहरुमा संक्रमण समुदायस्तरमा फैलिएको वा फैलिन सक्ने सम्भावनालाई हेरी ती स्थानहरु सील गरी परिक्षणको दायरा बढाईनु ।
- क्वारेन्टाईन तथा आईसोलेसनको संख्या बढाउनु पर्ने अवस्था आउनु ।

**असरः** यस अवस्थामा कोभिड-१९ को समग्र असर उच्च रहेको देखिन्छ। तर यसको प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा निम्नलिखित प्रभाव रहेको हुन्छ ।

- यातायात क्षेत्रको प्रतिवन्धले यात्रा बन्द हुनेछ। अत्यावश्यक कामको लागि ई-पासको व्यवस्थापन गरिने ।
- समुदायका व्यक्तिहरुमा बन्दाबन्दीले उपभोग्य सामग्री खरिदमा समस्या आउनु ।
- समुदायमा स्वास्थ्य सेवा प्रवाह गर्न समय र क्षमता बढाउनु ।
- सिमा नाका बन्द हुनाले बजारमा अत्यावश्यक सामग्री अभाव हुन सक्ने ।
- समुदायस्तरमा संक्रमण फैलिनु र मानिसहरुको मृत्यूको दर बढ्नु ।
- जिल्लास्थित स्थानीय तह, सरकारी तथा गैरसरकारी संस्था निकायको नियमित कामकाज ठप्प हुनु ।
- समुदायमा आर्थिक गतिविधिहरु ठप्प भई असन्तुलन र जनजीवनमा अप्ठेरो अवस्था सृजना हुनु ।
- संक्रमणको जोखिममा रहेका समुदायहरु वा क्षेत्रहरु सील गरिनु ।

यस चरणमा पूर्व तयारी रहन तथा रोकथामका लागि चरण १, २ र ३ मा गरिने क्रियाकलापको निरन्तरताको साथै तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

| पूर्वतयारीका लागि गरिने कार्यहरु | चरण ४ अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु |
|---|---|
| १. कार्यालय बन्द गर्ने र अत्यावश्यक सेवा प्रदान गर्ने कर्मचारी बाहेक अन्य कर्मचारीलाई घरबाट काम गर्ने प्रवन्ध गर्ने साथै यस रोगको गम्भिरतालाई ख्याल गरी नेपाल सरकारले जारी गरेको सूचना अनुसार गर्ने ।<br>२. सभा, सम्मेलन, बैठक, भेला, मेला, पर्व आदि बन्द गर्ने र समुदायमा कम्तीमा १.५ देखि २ मिटरको दूरी राखेर बस्न निर्देशन गर्ने ।<br>३. समुदायका व्यक्तिहरु, कार्यालयका कर्मचारीहरु तथा जनप्रतिनिधिहरु र उनीहरुका परिवारका सदस्यहरु संक्रमित भएमा उपचारमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने । | • जिल्ला भित्र सबै समुदाय र घरपरिवारलाई घर बाहिर ननिस्कन सूचना जारी गर्ने र स्वास्थ्य सेवा तथा उपचारका लागि तयार गरिएको प्रवन्धको बारेमा जानकारी दिने ।<br>• अति जोखिममा रहेका समुदायका सदस्यहरु जस्तै: बृद्धबृद्धा, अपांगता भएका, गर्भवति तथा सुत्केरी महिला, आदिलाई आवश्यक संरक्षणको व्यवस्था मिलाउने ।<br>• निश्चित अवधिको लागि अत्यावश्यक सेवा बाहेकको काम र कार्यालय बन्द गर्ने ।<br>• जिल्ला विपद व्यवस्थापन समितिले पालिका तथा अन्य सरोकारवाला संस्था निकायहरुसँग समन्वय गरी स्वास्थ्य सन्देश तथा सेवा प्रवाहका लागि आवश्यक सामग्रीहरु व्यवस्थापन गरी प्रचार प्रसार गर्ने ।<br>• जिल्लामा यसको संक्रमण फैलिन सक्ने अवस्था आँकलन गर्ने र अति जोखिममा रहेका व्यक्ति र घरपरिवारलाई आवश्यक सहयोगको प्रवन्ध मिलाउने ।<br>• लाभग्राहीहरुलाई अत्यावश्यक काममा नेपाल सरकारको निर्णय बमोजिम सेवा प्रवाहको लागि विद्युतिय माध्यमको प्रयोग गर्न जानकारी गर्ने र त्यसको व्यवस्थापन गर्ने ।<br>• संक्रमित क्षेत्र सील गर्ने ।<br>• क्वारेन्टिन र आईसोलेसन व्यवस्थित गर्ने ।<br>• औषधी तथा स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने ।<br>• पिसिआर परिक्षणको दायरा बढाउने ।<br>• शव व्यवस्थापनको लागि संयन्त्र तयार गरी परिचालन गर्ने । |

## चरण ५: उच्च जोखिम अवस्था

यो चरण अति उच्च जोखिमको अवस्था हो । यो अवस्थामा क्वारेन्टिन तथा आईसोलेसन व्यवस्थापनलाई बढी ध्यान दिईएको हुन्छ । समुदायका व्यक्तिहरुको पिसिआर परिक्षणमा जोड दिईन्छ र संक्रमितहरुलाई आईसोलेसनमा राखिन्छ । स्वास्थ्य कर्मीहरुको समेत यस रोगका कारण मृत्यू भई उपचारमा जनशक्तिको अभाव सृजना हुन सक्छ । जिल्लाका सम्पूर्ण क्षेत्र तथा देश नै ठप्प भएको अवस्था आउने छ । स्वास्थ्य आपतकाल घोषणा भई महामारीको अवस्था देखिने छ । समुदायमा संक्रमण फैलिन गई धेरै मानिसहरुको मृत्यू हुने छ । विभिन्न सञ्चार माध्यमहरु, स्थानीय विपद् व्यवस्थापन समिति, अन्य सरोकारवाला र सहयोगी संस्था तथा निकायहरुसँग समन्वयात्मक रुपमा हुन सक्ने रोकथामका उपायहरुको सचेतीकरणका साथै उपचारात्मक कुराहरुमा ध्यान दिन प्रचारप्रसार गर्नुपर्दछ । मुख्यत: निम्नलिखित अवस्थामा कोभिड-१९ को संक्रमण पाँचौ चरणमा रहेको हुनेछ ।

- कोरोना समुदायस्तरमा संक्रमण भएको कुरा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले पुष्टी गर्नु, संक्रमितहरुलाई आईसोलेसनमा राखेर उपचार सुरु भएको र विश्व स्वास्थ्य संगठनले स्वास्थ्य आपतकाल घोषणा गरेको अवस्था ।
- समुदायमा कोभिड-१९ को महामारी फैलिनु ।
- देशमा यात्रा प्रतिवन्ध, स्कुल, कलेज तथा कार्यालय बन्द र अनिवार्य स्वयं क्वारेन्टाईन घोषणा हुनु ।
- नेपाल सरकारद्वारा यस रोगको रोकथामका लागि स्वास्थ्य मापदण्ड तयार गरी समुदायमा कम्तीमा १.५ देखि २ मिटरको दूरी राखेर बस्न सूचना जारी गर्नु ।
- नेपाल सरकारले रोगको प्रकोप फैलन नदिन समुदायमा पूर्ण लकडाउन गर्नु ।

**असर:** यस अवस्थामा कोभिड-१९ को समग्र असर अति उच्च रहेको देखिन्छ । तर यसको प्रत्येक्ष तथा अप्रत्येक्ष रुपमा निम्नलिखित प्रभाव रहेको हुन्छ ।

- स्वास्थ्य सेवामा अत्यासको अवस्था सृजना हुनु ।
- बजारमा अत्यावश्यक सामग्रीको अभाव हुनु ।
- आन्तरिक आवतजावतमा पूर्णतः प्रतिवन्ध लाग्नु ।
- आर्थिक क्षेत्रमा नकारात्मक प्रभाव देखिनु ।
- समुदायस्तरमा संक्रमण फैलिन गई व्यापकरुपमा मानिसहरुको मृत्यू हुनु ।
- कडा लक डाउनको अवस्था आउनु ।

यस चरणमा पूर्व तयारी रहन तथा रोकथामका लागि चरण १, २, ३ र ४ मा गरिने क्रियाकलापको निरन्तरताको साथै तल उल्लेखित क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

| पूर्वतयारीका लागि गरिने कार्यहरु | चरण ५ अन्तरगत सञ्चालन गरिने कार्यक्रमहरु |
|---|---|
| १. कार्यक्रम तथा कार्यालय बन्द गर्ने र अत्यावश्यक सेवा प्रदान गर्ने कर्मचारीहरु बाहेक अन्यलाई घरबाट काम गर्ने वातावरण सृजनागर्ने ।<br>२. सभा, सम्मेलन, बैठक, भेला, मेला, पर्व आदि बन्द गर्ने र समुदायमा कम्तीमा १.५ देखि २ मिटरको दूरी राखेर बस्न निर्देशन गर्ने ।<br>३. समुदायका व्यक्तिहरु, कार्यालयका कर्मचारीहरु तथा जनप्रतिनिधिहरु र उनीहरुका परिवारका सदस्यहरु संक्रमित भएका उपचारमा आवश्यक समन्वय तथा सहजीकरण गर्ने । | ● जिल्ला विपद व्यवस्थापन समितिले पालिका तथा अन्य सरोकारवाला संस्था निकायहरुसँग समन्वय गरी स्वास्थ्य सन्देश तथा सेवा प्रवाहका लागि आवश्यक सामग्रीहरु व्यवस्थापन गरी प्रचार प्रसार गर्ने ।<br>● जिल्लामा यसको संक्रमण फैलिन सक्ने अवस्था आँकलन गर्ने र अति जोखिममा रहेका व्यक्ति र घरपरिवारलाई आवश्यक सहयोगको प्रवन्ध मिलाउने ।<br>● जिल्लामा सबै समुदाय र घरपरिवारलाई घर बाहिर ननिस्कन सूचना जारी गर्ने र स्वास्थ्य सेवा तथा उपचारका लागि तयार गरिएको सामाजिक सुरक्षा प्रवन्धको बारेमा जानकारी दिने ।<br>● लाभग्राहीहरुलाई अत्यावश्यक काममा नेपाल सरकारको निर्णय बमोजिम सेवा प्रवाहको लागि विद्युतिय माध्यमको प्रयोग गर्न जानकारी गर्ने र त्यसको व्यवस्थापन गर्ने ।<br>● जिल्लामा नेपाल सरकारको निर्णय बमोजिम निश्चित अवधिको लकडाउनलाई व्यवस्थापन गर्ने तथा आवागमनको अनुगमन गर्ने ।<br>● संक्रमित क्षेत्र सील गर्ने । |

| | |
|---|---|
| | ● क्वारेन्टिन र आईसोलेसन व्यवस्थित गर्ने । <br>● औषधी तथा स्वास्थ्य सामग्री व्यवस्थापन गर्ने । <br>● पिसिआर परिक्षणको दायरा बढाउने । <br>● शव व्यवस्थापनको लागि संयन्त्र तयार गरी परिचालन गर्ने । |

सारांशमा,

गोरखा जिल्लाको वर्तमान अवस्थालाई हेर्दा कोभिड-१९ को संक्रमणमा हामी तेस्रो चरणमा रहेका छौं । संक्रमण समुदायस्तरमा फैलिन सक्ने अवस्था सृजना भएको छ । भिमसेन थापा गाऊँपालिका र पालुङ्गटार नगरपालिकामा देखिएको यस रोगको समुदायस्तरको संक्रमण रोक्नका लागि निश्चित क्षेत्रहरु सिल गरिएको छ भने वारपाक सुलिकोट गाऊँपालिकामा स्वास्थ्य कर्मी नै संक्रमित भए पछि नीजको सम्पर्क भएका र हुनसक्ने आँकलन गरी गाऊँपालिकाका पुरै जनप्रतिनिधि तथा कर्मचारीहरु क्वारेन्टिनमा रहेको अवस्था छ । यसका साथै जिल्लामा मिति २०७७ आषाढ २१ गते सम्म ९४ जना संक्रमित भएका छन् भने ३२ जनाले कोभिड-१९ लाई जितेर निको भई घर फर्केका छन् । १ जनाको भने कोभिड-१९ का कारण मृत्यू भएको छ ।

अन्तरराष्ट्रिय सन्दर्भ, नेपालको समग्र स्थिति र जिल्लाको आर्थिक सामाजिक अवस्था सबैलाई मध्य नजर गर्दा अब हामीले जिल्ला तथा पालिकाहरुमा कोभिड-१९ सँगै अनुकूलित हुँदै (Adaptive with COVID-19) विकास निर्माण, आर्थिक उपार्जन तथा समुदायका गतिविधिहरु सञ्चालन गर्नुपर्ने अवस्था आएको छ । कोभिड-१९ को विरुद्ध औषधी पत्ता लागि नसकेको हुँदा यो रोगको महामारी कति लामो अवधि सम्म रहिरहन्छ भन्ने आँकलन गर्न नसकिने भएकोले यससँग डराएर मात्र भन्दा पनि स्वास्थ्य सम्बन्धी सुरक्षाका सम्पूर्ण मापदण्ड र तयारी गर्दै र गर्न लगाउँदै आर्थिक उपार्जन तथा विकास निर्माणमा सरिक बन्नु पर्ने स्थिति पैदा भएको छ ।

**मनसुन विपद् जोखिम तथा कोभिड-१९ को रोकथाम तथा उपचारमा देखिएका समस्या तथा चुनौतिहरुः**

- जिल्लाको धेरैजसो भू-भाग पहाडी क्षेत्र हुनु र पहिरोको उच्च जोखिममा हुनु ।
- पहाडी र हिमाली क्षेत्रका कारण जिल्लाको सबै क्षेत्रमा वर्षभरी यातायातको सुविधा हुन नसक्नु ।
- समुदायमा विपद् जोखिमको बारेमा पर्याप्त ज्ञान नहुनु र विपद् जोखिम न्यूनीकरणका कामलाई सामुदायिक विकासको कामका रुपमा नलिनु ।
- कोभिड-१९ को रोकथाममा समुदायमा जानकारीको अभाव रहनु, गरिबी र अन्य कठिनाईका कारण समुदायमा स्वास्थ्य मापदण्ड अपनाउनमा वेवास्ता गर्नु, उपचारमा हालसम्म औषधी पत्ता नलाग्नु र समुदायमा संक्रमितको संख्या बढ्दै जानु ।

**चुनौतिहरुलाई ध्यान दिँदै समस्या समाधान गर्न अपनाउनु पर्ने उपायहरुः**

- विपद् जोखिम न्यूनीकरणका लागि स्थानीय तह तथा सरोकारवाला संस्था निकायहरु मार्फत् समुदायमा सचेतीकरणका साथै साना अल्पिकरणका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने ।
- मनसुनको समयलाई ध्यान दिई जिल्ला भित्रको रणनैतिक सडकहरु वर्ष भरी सञ्चालनमा आउन सक्ने गरी तयारी अवस्थामा राख्ने ।
- गोरेटो तथा घोडेटो बाटोहरु सफा गरी सूचारु अवस्थामा राख्ने ।
- पहिरोको उच्च जोखिममा रहेका समुदायमा सचेतीकरण गर्ने र पूर्व तयारी अवस्थामा राख्ने ।

- विपद्को अवस्थालाई मध्यनजर गरी अस्थायी आश्रय स्थलहरुको पहिचान गर्ने र समुदायमा जानकारी त्यसको गराउने ।
- विपद् भई हालेमा खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन जनशक्ति तथा सामग्री व्यवस्थापन चुस्त राख्ने ।
- विपद् जोखिममा रहेका वा अस्थायी आश्रयस्थलमा बसेका समुदायलाई आवश्यक राहत वितरणको व्यवस्था गर्ने ।
- कोभिड-१९ को रोकथाम तथा उपचारका लागि स्वास्थ्य मापदण्ड बमोजिम क्वारेन्टिन र आईसोलेसनको व्यवस्थापन गर्ने ।
- समुदायस्तरमा पिसिआर परिक्षणको दायरालाई बढाउन जिल्ला विपद् व्यवस्थापन समितिले सम्बन्धित निकायमा समन्वय गरी व्यवस्था मिलाउने ।

**मनसुन विपद् जोखिम तथा कोभिड-१९ रोकथाम सम्बन्धमा आगामी दिनमा जोड दिनुपर्ने कुराहरु**

- मनसुनको कारण जिल्ला भित्र घटेका विभिन्न विपद्का घटनाहरुको सूचना जानकारी संकलन गर्ने ।
- विपद्को समयमा गर्नु पर्ने खोज तथा उद्धारका लागि अत्यावश्यक सामग्री व्यवस्थापन गर्ने र खोज तथा उद्धार टोलीलाई चुस्त राख्ने ।
- मनसुनको समयमा हुन सक्ने विपद् प्रभावितहरुका लागि राहत सामग्री व्यवस्थापन गर्ने ।
- विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरुको अनुगमन गर्ने ।
- कोभिड-१९ संक्रमण विरुद्ध सावधानी अपनाउन तयार भएको स्वास्थ्य मापदण्ड अवलम्बन गर्ने गराउने र अनुगमन तथा नियमन गर्ने ।
- पिसिआर परिक्षणलाई व्यवस्थित गर्न आवश्यक समन्वय गर्ने ।
- जिल्लाको मनसुन विपद् तथा कोभिड-१९ संक्रमण सम्बन्धी तथ्यांक अद्यावधिक गर्ने र सम्बन्धित निकायमा जानकारी गराउने ।

**गोरखा जिल्लामा मनसुन समयमा हुनसक्ने विपद जोखिम न्यूनीकरण र कोभिड-१९ प्रतिकार्य कार्ययोजना**

| **विपद जोखिम** | **सम्भावित जोखिममा रहेका घरधुरी/ जनसंख्या** | **सहयोग आवश्यक पर्ने घरधुरी/ जनसंख्या** | **क्रियाकलाप तथा आवश्यक सहयोगको विवरण** |
|---|---|---|---|
| पहिरो/ भू-क्षय/ जग्गा कटान | ४००० घरधुरी | ४००० घरधुरी | • पहिरो रोकथाम तथा नियन्त्रणका लागि तारजाली भर्ने ।<br>• ढुङ्गा र सिमेन्टको गारो लगाउने ।<br>• पहिरो क्षेत्रबाट पानीको भल तर्काउने । |
| बाढी/ डुवान | १००० घरधुरी | १००० घरधुरी | • बुढीगण्डकी, दरौंदी, चेपे, भुसुण्डी, हुडीखोला, मोदीखोला आदि खोला तथा नदी किनारमा तटबन्ध गर्ने । |
| असिना/ हिउँ | ५०० घरधुरी | ५०० घरधुरी | • असिना प्रभावित किसानहरुलाई बीऊविजन, विषादी तथा अन्य कृषि सामग्री सहयोग गर्ने । |
| महामारी (पानी जन्य रोगहरु- झाडा पखाला, जण्डिस, आदि) | २००० घरधुरी | २००० घरधुरी | • खानेपानी उपभोक्ता समितिहरुलाई आ- आफ्नो खानेपानीका मुहानहरु नियमित रुपमा सफा गर्न लगाउने ।<br>• खानेपानी योजनाहरुमा मनसुनका कारण क्षति भएमा मर्मत सम्भार गर्ने ।<br>• स्वास्थ्य उपचारका लागि औषधी तथा सामग्रीहरुको उचित व्यवस्थापन गर्ने । |
| कोभिड-१९ | १००००० घरधुरी | १००००० घरधुरी | • क्वारेन्टीन व्यवस्थापनका लागि थप १००० वेडको व्यवस्था गर्ने ।<br>• स्वास्थ्य चौकीहरुमा ज्वरो नापजाँचका लागि चौकीको भवन बाहिर ट्रस र जस्तापाताको प्रयोग गरी ज्वरो मापन केन्द्र बनाउने ।<br>• स्वास्थ्य कर्मचारीहरुका लागि व्यक्तिगत सुरक्षा सामग्रीहरु व्यवस्था गर्ने।<br>• मनसुनको समय तथा कोभिड-१९को विपद लाई मध्यनजर गरी औषधी व्यवस्थापन गर्ने।<br>• स्वास्थ्य चौकी तथा क्वारेन्टीन केन्द्रहरुमा खानेपानी तथा हात धुने ठाऊँको व्यवस्था गर्ने ।<br>• समुदायमा कोभिड-१९ तथा मनसुनका कारण हुन सक्ने विपद सम्बन्धी सचेतनाको लागि सूचना तथा सञ्चारको व्यवस्थापन गर्ने ।<br>• मनसुनको समयमा हुन सक्ने विपदहरुमा समुदायमा सचेतना अभिबृद्धि तथा स्थानीय विपद व्यवस्थापन समिति परिचालन । |
| **सि.नं.** | **विपद जोखिमहरु** | **राहत सामग्री आवश्यक पर्ने घरधुरी संख्या** | **आवश्यक पर्ने राहत सहयोग** |
| १ | बाढी, पहिरो, असिना, हावाहुरी, पानीजन्य | ३००० घर परिवार | हाईजिन किट - ३०००<br>डिगनिटी किट - १५००<br>खाद्यान्न प्याकेज- ३०००<br>ब्ल्याङ्केट/कम्बल- ३०००<br>पि-फोमम्याट्रेस- ६००० मि<br>ब्लीचिङ्गपाउडर- ५०० केजी |

| | | | |
|---|---|---|---|
| | महामारी, आदि । | | तरकारी बीऊ सेट- १००० |

उपरोक्त क्रियाकलापहरु सम्बन्धित पालिका तथा सरोकारवाला संस्था निकायहरुले आ-आफ्नो वार्षिक कार्यक्रममा विपद् व्यवस्थापन शिर्षकमा समावेश गरी समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने । साथै जिल्ला विपद् व्यवस्थापन समितिले आवश्यकता अनुसार प्रदेश तथा संघमा पनि समन्वय गर्ने छ ।